नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

चैत्र/वैशाख ०७१/०७२ (April 2015) वर्ष १९/अङ्क २१७

## क्रूस र पुनरूत्थानमा पाइने क्षमाको आशिष्

- डीकन सिमोन पाठक

हामीलाई घरिघरि चोट पुऱ्याउने व्यक्तिहरूलाई कतिपटकसम्म क्षमा दिनुपर्छ ? क्षमाको विषयमा शिक्षा दिन सजिलो छ तर क्षमाको अभ्यास गर्न अति नै गाह्रो छ। क्षमा दिनुपर्छ र लिनुपर्छ भन्ने ज्ञान धेरैलाई छ तर ज्ञान मात्र भएर क्षमा अर्थपूर्ण हुन सक्दैन। संसारमा चित्त नदुखेको, मन नभाँचिएको, चोट नपाएको मानिस विरलै होला। जीवनको कुनै कालखण्डमा हामीले चोट पाएका हुन सक्छौं र हामीले पनि अरू मानिसहरूलाई चोट पुऱ्याएका हुन सक्छौं। हामीहरूमध्ये कतिजना अहिले पनि परिवारका सदस्यहरूबाट, साथीभाइ वा समाजका मानिसहरूबाट चोट पाइराखेको अवस्थामा हुन सक्छौं। नेपालीमा भनाई छ 'अचानोको चोट खुकुरीलाई के थाहा ?' चोट पुऱ्याउने व्यक्तिलाई ठूलो कुरा नलागे तापनि चोट पाउनेको निम्ति ठूलो चोट भइराखेको हुन्छ। चोट पाउने व्यक्ति निको हुनु आवश्यक छ। मानिसको हृदयको चोट निको पार्ने एउटा विशेष औषधि हो क्षमा दिनु र लिनु।

एकदिन पत्रुसले प्रभुलाई सोधेका थिए "प्रभु मेरो भाइले कति पल्ट मेरो विरूद्धमा अपराध गऱ्यो भने मैले त्यसलाई क्षमा गर्ने ? के सात पल्टसम्म ?" (मत्ती १८:२१)। पत्रुसले प्रभुलाई प्रश्न गरिसकेपछि आफै उत्तर पनि दिएका थिए। याकूबको पत्रमा लेखिएको छ, "प्रत्येक मानिस सुन्नमा छिटो, बोल्नमा ढीलो र रिसाउनमा धीमा हुनुपर्छ" (याकूब १:१९)। तर पत्रुस ठीक उल्टा थिए। उनी बोल्नमा र रिसाउनमा छिटो तर सुन्नमा ढिलो थिए। उसको हात पनि छिटो चल्दथ्यो। येशू क्रूसमा चढाइनुअघि उहाँको गिरफ्तारीको निम्ति एक ठूलो भीड तरवार र लाठा लिएर येशू भएको ठाउँमा आएका थिए। "सिमोन पत्रुसले आफूसँग भएको तरवार निकालेर मुख्य पूजाहारीको कमारालाई प्रहार गरे र त्यसको दाहिने कान च्वाट्टै काटिदिए" (यूहन्ना १८:१०)।

पत्रुसको स्वभाव अरू चेलाहरूको भन्दा फरक किसिमको थियो। भीड देखेपछि तरवार चलाउन साहस गर्ने पत्रुस नै येशूलाई क्रूसमा चढाएको समयमा एउटा नोकर्नी केटीको प्रतिउत्तरमा येशूलाई तीन पटक इन्कार पनि गरेका थिए (लूका २२:५६-५७)। यही पत्रुस येशू जीवित हुनुभएको दर्शन पाइसकेपछि पनि 'म माछा मार्न जान्छु' भन्दै पुरानै पेशामा फर्किएका थिए (यूहन्ना २१:३)। तर येशूले यही पत्रुसलाई स्वर्ग जानुअघि तीन पटकसम्म उहाँलाई प्रेम गर्ने सम्बन्धमा प्रश्न सोध्नुभयो र मानिसको सेवा गर्ने महान जिम्मेवारी पनि सुम्पनुभएको थियो (यूहन्ना २१:१५-१७)। उसले आफ्नो जीवनकालमा प्रभुले दिनुभएको जिम्मेवारी पूरा पनि गरेका थिए।

**पत्रुसले किन क्षमाको विषयमा प्रभुलाई प्रश्न सोधेका होलान्** ? किनकि येशूले चेलाहरूलाई प्रार्थना गर्न सिकाउँदा क्षमाको विषयमा यसरी सिकाउनुभएको थियो "हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं" (मत्ती ६:१२)। पत्रुसले प्रभुले सिकाउनुभएको क्षमाको विषयलाई पालन गरेको हुन सक्छ। त्यसकारण उनले सात पल्टसम्म भन्दै उत्तर पनि दिएको हुन सक्छ।

बाइबलमा सातौं नम्बरलाई सिद्धताको नम्बर पनि मानिएको छ। परमेश्वरले "सातौं दिनमा आफूले गर्नुभएका सबै कामबाट उहाँले विश्राम लिनुभयो।" "सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो" (उत्पत्ति २:२-३)। "सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ दिन हो" (प्रस्थान २०:१०)। "सातौं दिनमा तिमीहरूको एउटा पवित्र सभा होस् र तिमीहरूले त्यस दिन कुनै दैनिक काम नगर्नु" (गन्ती २८:२५)। सात वर्ष सहकाल र सात वर्ष अनिकाल हुनेछ (उत्पत्ति ४१:२९-३१)। पुरानो करारमा सातौं नम्बरको प्रयोगलाई विभिन्न दृष्टिकोणबाट प्रयोग गरिएको छ। नयाँ करारमा पनि सात मण्डली, सात सामदान, सात तारा, सात आत्मा आदि कुराहरूको वर्णन गर्न सातको प्रयोग गरिएको छ (प्रकाश १:२०,३:१)।

पत्रुसले सात पल्टसम्म क्षमा दिने विषयमा प्रभुलाई सोध्नुको पछाडि सातौं नम्बरलाई उनले विशेष किसिमले हेरेको हुनुपर्छ। उनको विचारमा अपराध गर्ने भाइलाई सातपल्टसम्म क्षमा दिएपछि आफ्नो दायित्व पूरा हुन्छ भन्ने पनि हुन सक्छ। पत्रुसले प्रभुलाई यो प्रश्न सोध्नुअघि उनले कसैलाई सात पल्टसम्म क्षमा दिएको पनि हुन सक्छ। तर प्रभु येशूले पत्रुसलाई तीन छक्क पार्ने उत्तर दिनुभयो, "म तिमीलाई भन्दछु, सात पल्ट होइन, तर सत्तरी गुणा सातपल्ट" (मत्ती १८:२२)। पत्रुसले अकमक्क पर्दै प्रभु सत्र गुणा सात पल्ट कि ... सत्तरी गुणा सात पल्ट भन्दै प्रतिप्रश्न पनि गरेको हुन सक्छ। प्रभुले पत्रुसलाई क्षमाको सिमा नभएको सत्यता सिकाइराख्नुभएको थियो। सत्तरी गुणा सात पल्ट अर्थात् चार सय नब्बे पल्ट एउटा व्यक्तिलाई क्षमा दिनु भनेको उसलाई अब क्षमा दिन कुनै गाह्रो पर्दैन भन्ने पनि हो। उसको निम्ति क्षमा दिनु जीवनशैली नै भइसकेको हुन्छ।

प्रभु येशूले पत्रुसलाई क्षमाको विषयमा एउटा दृष्टान्त भन्नुभयो। दश हजार सुनको सिक्काको ऋणको माफी पाएको नोकरले आफ्नो संगी नोकरले लिएको एक सय चाँदीको सिक्काको ऋण माफी गर्न सकेन। उसलाई घोक्रोमा पक्रेर भ्यालखानमा हालिदियो। दश हजार सुनको सिक्काको ऋण माफी दिने मालिकले यो सुनेपछि उसलाई दुष्टताको संज्ञा दिएर उसले गरेको व्यवहारको प्रतिफल भोग्न दण्ड दिनेहरूका हातमा सुम्पिदिए (मत्ती १८:२३-३४)। दृष्टान्तपछि येशूले क्षमाको विषयमा यसरी भन्नुभयो "तिमीहरूले आफ्नो भाइलाई आफ्नो हृदयदेखि क्षमा गरेनौ भने, स्वर्गमा हुनुहुने मेरा पिताले पनि तिमीहरूसँग त्यसै गर्नुहुनेछ" (मत्ती १८:३५)।

हामीलाई चोट पुऱ्याउने मानिसहरूलाई क्षमा दिनसक्ने हुनको निम्ति येशूले हामीलाई दिनुभएको क्षमालाई बुझ्नु आवश्यक छ। हामी

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
| चैत्र २८ April 11 | पा. रोबर्ट कार्थक पा. सामुएल कार्थक | डीकन सुरेश पुरकोटी | पाष्टर अशोक मुखिया | श्री डेल हिक्स् | पाष्टर दफ्तन सादा | डीकन नवराज के.सीं | श्री पुरुषोत्तम न्यौपाने |
| वैशाख ५ April 18 | पाष्टर डा. डेविड लिम | श्री प्रेम आले मगर | डीकन दान बहादुर अधिकारी | एल्डर दिल थापा | एल्डर श्रीलक्ष्मी सैंजु | श्री दानिएल घले | श्री मिलन प्रधान |
| वैशाख १२ April 25 | एल्डर सामुएल क्षेत्री | पाष्टर अशोक मुखिया | एल्डर पूर्ण सुनुवार | पाष्टर रोबर्ट कार्थक | एल्डर रूबेन श्रेष्ठ | श्री मिलन प्रधान | संयुक्त सेवा ललितपुर चर्च |
| वैशाख १९ May 2 | पा. सामुएल कार्थक पा. रोबर्ट कार्थक | श्री सरुष मान तामाङ्ग | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर दफ्तन सादा | श्रीमती गंगा श्रेष्ठ | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर शरण राई |

आफ्नै बलमा मानिसहरूलाई क्षमा दिन सक्दैनौं । हामी क्षमा दिने स्तरमा तब पुग्छौं जब हामी येशूले हामीलाई दिनुभएको क्षमालाई अनुभव गर्छौं । उहाँलाई चिन्नुअघि र उहाँलाई चिनिसकेपछि पनि हामीले अनगिन्ती गल्तीहरू गरिसकेका छौं । दृष्टान्तमा बताएको दश हजार सुनको सिक्काको ऋण माफी गरिदिने मालिक परमेश्वर स्वयं हुनुहुन्छ । हामीले जीवनभर धर्मकर्म, दान-दक्षिणा, तीर्थव्रत गरेर तिर्न नसक्ने ऋण येशूले क्रूसमा तिरिसक्नुभएको छ । हाम्रो परमेश्वरको हृदय क्षमा र प्रेमले भरिएको छ । उहाँको विरूद्धमा हामीले गरेका दशौं हजार अपराध र गल्तीहरू बिना शर्त क्षमा दिनुभयो । तर हामीचाहिँ एक सय चाँदीको सिक्काको ऋण माफी नगर्ने नोकरझैं सानातिना गल्तीहरूका पनि हिसाब राखिछोडेका हुन्छौं । क्षमाको विषयमा हामीले कतिपटक आफैलाई तल्लो दर्जाको नोकरजस्तै बनाइराखेका हुन्छौं । हामी क्षमा दिने मानिस बन्नको निम्ति क्रूसको प्रेमलाई बुझ्नु आवश्यक छ । हामी जबसम्म क्रूसको प्रेमलाई बुझ्दैनौं र क्रूसको क्षमादानलाई पूरा मात्रामा अनुभव गरेका हुँदैनौं तबसम्म क्षमाको आशिष बगाउन सक्दैनौं ।

येशू ख्रीष्टको क्षमादानलाई शब्दहरूद्वारा वर्णन नै गर्न सकिँदैन । उहाँलाई क्रूसमा चढाउनेहरूलाई क्रूसमा टाँगिराख्नुभएको समयमा उहाँले बोल्नुभएका सात वाणीहरूमध्ये एउटा वाणी यस्तो थियो, “हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन्” (लूका २३:३४) । मानिसहरूले येशूलाई क्रूसमा चढाएका थिए । उनीहरूको मुखबाट अपशब्दहरू निकालेर येशूको विरोध गरिरहेका थिए । उहाँले चाहनुभएको भए स्वर्गबाट स्वर्गदूतहरू झिकाएर सबैलाई एउटै चिहान बनाउन सक्नुहुने थियो । तर उहाँले पिताको इच्छा पूरा गर्न चाहनुभयो । उहाँ क्रूसमा हुनुभएको समयमा रगतको धारा मात्र बगाउनुभएन तर रगतको धारासँगै प्रेम र क्षमाको धारा पनि बगाउनुभयो । उहाँले क्रूसमा भएको समयमा आफूलाई चोट पुऱ्याउनेहरूलाई बदला र घृणाको भावनाले हेर्नुभएन । उहाँले तिनीहरूलाई टिठाउनुभयो । क्रूसमा भएको समयमा पनि उहाँको हेराइ सिंहासनमा थियो । गुड फ्राइडे अर्थात असल शुक्रबारचाहिँ पुनरूत्थान र सिंहासनलाई देख्ने दिन पनि हो । यदि येशूले क्षमाको सट्टा बदला लिनुभएको भए इतिहासमा पुनरूत्थानको दिन हुने थिएन । पुनरूत्थान बिना सिंहासनमा बस्नु पनि असम्भव हुने थियो । येशूले क्रूसबाट पुनरूत्थान र सिंहासनलाई देख्नुभयो । हामीलाई चोट पुऱ्याउने क्रूसहरूलाई कसरी हेर्दैछौं ? हामीहरूको हृदयमा क्षमाको सट्टा बदलाको भावना पो छ कि ?

पावलल कलस्सीको मण्डलीलाई क्षमाको विषयमा यसरी लेखेका छन् । “एउटाले अर्कोलाई सहने गर, कुनै मानिसको विरूद्धमा केही दोषको कारण छ भने, एक-अर्कालाई क्षमा गर्ने गर । जसरी प्रभुले तिमीहरूलाई क्षमा गर्नुभएको छ, त्यसरी तिमीहरूले पनि क्षमा गर्नुपर्छ” (कलस्सी ३:१३)। हामीलाई चोट पुऱ्याउने मानिसहरूलाई क्षमा गर्नको निम्ति परमेश्वरको वचनले आज्ञा दिएको छ । हामीले मानिसहरूलाई क्षमा दिनको निम्ति हामीले पाएको क्षमाको महत्त्वलाई बुझ्नु आवश्यक छ । मूल्य नै तिर्न नसकिने दशौं हजारको अपराध र गल्तीहरूको क्षमादान प्रभुबाट ग्रहण गर्ने अनि अरूलाई सय सिक्का चाँदीको मूल्य बराबर क्षमा दिनु पऱ्यो भने तिलको पहाड बनाउने स्वभावबाट हामी स्वतन्त्र हुन आवश्यक छ ।

हामीलाई चोट पुऱ्याउने मानिसहरूले हामीकहाँ आएर क्षमा नमागे तापनि हामीले आफ्नो तर्फबाट हृदयदेखि नै क्षमा दियौं र मनमा कुनैपनि तीतोपना राखेनौं भने हामी आफै निको हुनेछौं र फलवन्त हुँदै जानेछौं। क्षमा दिने व्यक्तिले नै क्षमाको आशिष् उपभोग गर्नेछ । हामी जब क्षमा दिन्छौं एकअर्काको बीचमा बनाएको तीतो पर्खाल भत्केर जान्छ । परमेश्वरको चंगाई हामीमा बग्न थाल्छ । हाम्रा चोटहरू निको भएर जान्छन् । हामीमा मिलाप र शान्तिको आशिष् बग्न लाग्नेछ। हामी स्वतन्त्र भएर परमेश्वरको आराधना गर्न सक्नेछौं । परमेश्वरको क्षमाको अनुभव गर्दै उहाँको प्रेमले हाम्रो हृदय भरिएर पोखिनेछ ।

क्रूस र पुनरुत्थानमा पाइने क्षमाको आशिष्को बाँडुचुँड परिवारबाट नै शुरू हुनु आवश्यक छ। हामीलाई कतिपटक परिवारका सदस्यहरूलाई चोट पुऱ्याएको ज्ञान नहुन सक्छ। यदि श्रीमान्-श्रीमती बसेर विगतमा मैले कुनै चोट पुऱ्याएको छु कि भनेर प्रश्न गर्ने हो भने निश्चयनै चोटका भावनाहरू त्यहाँ व्यक्त हुनेछन्। क्षमाको शुरुवात परिवारबाट गर्नको निम्ति श्रीमान्-श्रीमती, बाबु-आमा, छोरा-छोरी, ससुरा, सासु-बुहारी लगायत अन्य जो जति सदस्यहरू छन्, सबैले एकअर्कामा मैले केही चोट पुऱ्याएको छु कि भनेर कुराकानी गऱ्यौं र चोट पुऱ्याएकोमा क्षमा लिनेदिने काम भयो भने परिवारमा ठूलो जय आउनेछ। हाम्रा हृदयका चोटहरू निको भएर जानेछन्। हाम्रो परिवार प्रभुको महिमा गर्ने परिवार बन्नेछ ।

हामी जब परिवारभित्र क्षमा लिन-दिन सक्छौं तब त्यो क्षमादान मण्डलीमा एकअर्कासँग पनि बगाउन सक्नेछौं । यदि हाम्रो हृदय मण्डलीका अगुवाहरूको कारणले टुटेको छ वा हामीले मण्डलीका अगुवाहरूलाई चोट पुऱ्याएका छौं भने क्षमा लिने-दिने कुरामा ढिलो नगरौं । किनकि क्रूस र पुनरुत्थानको शक्तिले हामीलाई क्षमा लिन र दिन सक्षम तुल्याउँदछ। जब हामी मण्डलीभित्र क्षमाको आशिष् बगाउँछौं, त्यो आशिष् मण्डलीबाट बाहिर पनि बगाउन सक्नेछौं र धेरैलाई मण्डलीभित्र आउनको लागि बाटो तयार पारेका हुनेछौं । यदि हामीले क्षमा लिन-दिन सकिरहेका छैनौं भने हामी क्रूसमा हेरौं र पवित्र आत्माको सहायतता मागौं । पवित्र आत्माले हामीले गर्न नसक्ने कामहरू गर्नलाई शक्ति दिनु हुनेछ । क्रूसकै कारण हामीहरू ख्रीष्टका अनुयायीहरू हुन सकेका छौं। ख्रीष्टियान हुनु भनेको ‘ख्रीष्ट ममा जिउनु हो’ (गलाती २:२०) । ख्रीष्टमा जिउनेहरू ख्रीष्टको बाटो भएर हिँड्छन् । ख्रीष्टको बाटो क्रूसको बाटो, पुनरूत्थानको बाटो, सिंहासनको बाटो, प्रेम र क्षमाको बाटो हो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | साँखु | गोंगबूँ | धापासी | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|
| **चैत्र २८** April 11 | एल्डर गोपी राई | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | एल्डर सागर थापा | पाष्टर बर्णबास श्रेष्ठ | संयुक्त सेवा गोंगबूँ चर्च | डीकन बेन्जामिन तामाङ्ग |
| **वैशाख ५** April 18 | पाष्टर महेश थाँजु | **संयुक्त सेवा जोरपाटी चर्च** | | | | सुश्री रन्जना ढुङ्गेल | श्री जय सिंह | श्री राजु तामाङ्ग |
| **वैशाख १२** April 25 | पाष्टर महेश थाँजु | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | एल्डर सागर थापा | श्री पिटर लिम्बू | डीकनेस् अमृता कार्थक | श्री कुमार सेन्चुरी |
| **वैशाख १९** May 2 | पाष्टर महेश थाँजु | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | एल्डर सागर थापा | एल्डर कर्ण तामाङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | संयुक्त सेवा गोंगबूँ चर्च |

# हार्दिक बधाई



माघ २९ गते/फरवरी १२ तारिख बिहीबार नेइम भैंसेपाटी मण्डलीको सदस्य श्री **पावल खालिङ** र सियोन लोस्कु मण्डलीकी सदस्य सुश्री **सलिना खालिङ**को लोस्कु मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती पावल/सलिना खालिङ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन २७ गते/मार्च ११ तारिख बुधबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री **विवेक बस्नेत** र इम्मानुएल चर्च बाह्रबिसेकी सदस्य सुश्री **नानी माया बुढाथोकी**को इम्मानुएल चर्च बाह्रबिसेमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती विवेक/नानी माया बस्नेत**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन २८ गते/मार्च १२ तारिख बिहीबार नेइम गोंगबूँ मण्डलीकी सदस्य सुश्री **विनिता भुजेल** र कोल डाँडा मण्डली पाल्पाको सदस्य श्री **आकाश लमतरी मगर**को नेइम गोंगबूँ मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती आकाश/विनिता लमतरी मगर**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



चैत्र १ गते/मार्च १५ तारिख आइतबार नेइम ललितपुर मण्डलीको सदस्य सुश्री **नालोम रोंगोंग** र शालोम एजी नदीपुर पोखराको सदस्य श्री **विजय बराल**को नेइम ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती विजय/नालोम बराल**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## शुभ कामना

सारा संसारका मानव जातिको उद्धारको निम्ति येशू प्रभु क्रूसमा बलि हुनुभई तेस्रो दिनमा पुनरुत्थान हुनुभएको (EASTER) तथा नव वर्ष २०७२ सालको सुखद् अवसरमा नेइम अन्तर्गतका सम्पूर्ण मण्डली परिवारहरू तथा सम्पूर्ण विश्वासीहरू र देशवासीहरूमा प्रेम, मेलमिलाप, एकता र शान्तिको लागि प्रार्थना तथा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

## कार्यक्रम

चैत्र २२ गते/अप्रिल ५ ता. आइतबार बिहान ६:०० बजे **सूर्योदय सेवा** आ-आफ्नो मण्डलीमा ।

वैशाख १ गते/अप्रिल १४ ता. मंगलबार १०:०० बजे नेइम युवा संगतिको आयोजनामा खेलकूद कार्यक्रम (सम्पूर्ण मण्डली परिवारलाई) सानो गौचरनमा ।

वैशाख ५ गते/अप्रिल १८ ता. शनिबार दिउँसो २:००-४:३० बजे नेइम संयुक्त जवान संगति ज्ञानेश्वर मण्डलीमा

## विशेष प्रार्थना

देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान, बुद्धि, एकता र मेल मिलाप मागिदिऔं साथै सबैको हित हुने ठीक संविधान समयमा बन्न सकोस् ।

## हार्दिक बधाई



एशियाली विकास बैंक (ADB) मा कार्यरत नेइम ललितपुर मण्डलीको सदस्य श्रीमती एल्डर ग्रेस खालिङ हालै २५ वर्षको प्रेसिडेण्ट अवार्डबाट सम्मानित हुनुभएकोमा नेपाली इसाई मण्डलीको तर्फबाट हार्दिक बधाई व्यक्त गर्दछौं ।

## जानकारी

माघ १७ गते/मार्च १ तारिख शनिबार नेइम ललितपुर मण्डलीमा १ जनाको बाल अर्पण गरियो ।

फागुन १४ गते/मार्च २८ ता. शनिबार नेइम घोर्थली, सिन्धुपाल्चोक मण्डलीको अगुवा श्री पदम बहादुर तामाङ्ग एल्डर, श्री मेसेक रजन मगर र श्रीमती अन्जु मगरलाई डीकन, डीकनेस् अभिषेक गरियो । उक्त सेवकाइको लागि पाष्टर अशोक मुखिया, एल्डर दानिएल सापकोटा र श्री हरि थापा जानुभएको थियो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २२ 5<br>गूड फ्राइडे र इस्टरको समयमा विभिन्न माध्यमहरूद्वारा साथै सेवा संगतिहरूमा प्रचारिएको सुसन्देशद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>१ तिमोथी २:१-६ | २९ 12<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून् ।<br>एफिसी ४:१७-३२ | ६ 19<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाललाई विश्वासयोग्यताका साथ सधैँ हेरचाह गरिरहन सकून् ।<br>एज्रा ७:१०, भजनसंग्रह ७८:७०-७२ | १३ 26<br>नेइम परिषदका गुरुजनहरूले परमेश्वरको इच्छामा पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>जकरिया ४:६, प्रेरित २०:२८ |
| **सोमबार** Monday | २३ 6<br>अधुरो परिवारमा रहेकाहरू साथै प्रभुको खातिर दुःख कष्टमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना १६:३३, १ पत्रुस ४:१२-१६ | ३० 13<br>हामी परमेश्वरका छोराछोरीहरू सधैँ दूधे बालकभैँ नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ कोरिन्थी १३:११, हिब्रू ५:११-१४ | ७ 20<br>मण्डलीका सबै समर्पित विश्वासीहरू मण्डलीको सेवा-संगतिहरूमा यथाशक्य सहभागी भई आफै पनि र अरूलाई पनि प्रभुमा बढाउँदै जान सकौं ।<br>१ कोरिन्थी १४:२६, हिब्रू १०:२४-२५ | १४ 27<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैँ इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-७,११ |
| **मंगलबार** Tuesday | २४ 7<br>मंगलबार हुने आत्मिकी तथा चंगाई सेवाद्वारा मण्डलीमा जागृति, चंगाई, छुट्कारा आत्माको नविकरण, ताजापन, उत्साह, चिन्ह र आश्चर्यकर्म देख्न सकौं ।<br>भजनसंग्रह ३०:११-१२, यशैया ३५:३-७ | वैशाख १ 14<br>यो वर्ष परमप्रभु परमेश्वरले हाम्रो लागि अघिबाटै तयार पारिराखि-दिनुभएका आशिषहरू आफ्नो बनाउँदै अरूहरूको लागि पनि आशिष् बन्न सकौं ।<br>१ कोरिन्थी २:९, हिब्रू ११:१, ६ | ८ 21<br>प्रतिज्ञा गरिएको आशिष् प्राप्त गर्नको लागि विश्वासको पाइला अघि बढाउँदै जान सकौं ।<br>यहोशू १:२-९ | १५ 28<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितमा जिउन सकून् ।<br>हितोपदेश २८:१३, भजनसंग्रह १३९:१-८, |
| **बुधबार** Wednesday | २५ 8<br>सबै घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अभ्क बढेर गएको होस् ।<br>एफिसी ४:११-१६ | २ 15<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>तीतस ३:१-८ | ९ 22<br>प्रभु येशूको नाउँको खातिर दुःख, कष्ट, खेदो निन्दा र सतावतमा पर्नु-भएकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>प्रेरित ९:१५-१६,, फिलिप्पी १:२६-२९ | १६ 29<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याएकाहरू भएर जिन सकौं ।<br>गलाती ५:१६,२५, एफिसी ५:१८ |
| **बिहीबार** Thursday | २६ 9<br>मण्डलीका सबै बालबालिकाहरूको लागि धन्यावद चढाऔं ।<br>यशैया ६१:९, भजनसंग्रह १२७:२ | ३ 16<br>हामी सबै एकआपसमा सधैँ प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>रोमी १५:७, एफिसी ४:१-४, ३०-३२ | १० 23<br>परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैँ धन्यवादी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकून् ।<br>यशैया ६३:७-९, एफिसी ५:२० | १७ 30<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैँ प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १२८:१-४ |
| **शुक्रबार** Friday | २७ 10<br>हामी विश्वासीहरू वचन पढ्ने, सुन्ने साथै मनन गर्नेहरू भई त्यसअनुसार पालन गर्दै जानेहरू हुन सकौं ।<br>यहोशू १:८, याकूब १:२२-२५ | ४ 17<br>आराधना सेवाहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन पवित्र आत्माको भरपूरी र अगुवाइ मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | ११ 24<br>प्रत्येक शनिबार मण्डलीमा पहिलो पल्ट आउनुहुने सबैले खीष्ट प्रभुले दिनुहुने पाप-क्षमा र सितैंको मुक्ति विश्वासद्वारा ग्रहण गर्न सकून् ।<br>यशैया ४५:१८-२२, ५५:१-३ | १८ May 1<br>आराधना सेवामा सबैजना आराधना गर्न वचन सुन्न र आज्ञाकारी हुन हृदयको तयारीको साथ आउन सकून् ।<br>भजनसंग्रह ११९:१६२-१७५ |
| **शनिबार** Saturday | २८ 11<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अभ्कै आत्मिकी रूपमा बढ्दै जान सकून् ।<br>प्रेरित २:४२-४७ | ५ 18<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | १२ 25<br>सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाइ गरिराख्नुभएका साथै विभिन्न व्यापार, व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् ।<br>हितोपदेश ११:१ | १९ 2<br>मण्डलीको चार खाँबो पुरुष, महिला, जवान र बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ |

**तर स्वर्गदूतले ती स्त्रीहरूलाई भने, "तिमीहरू नडराओ, किनभने मलाई थाहा छ, तिमीहरू क्रूसमा टाँगिनुभएको येशूलाई खोज्दैछौ । उहाँ यहाँ हुनुहुन्न, किनकि उहाँले भन्नुभएबमोजिम उहाँ जीवित भई उठ्नुभएको छ । आओ, उहाँलाई राखिएको ठाउँ हेर ।"**

**मत्ती २८:५-६**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np, www.nimnepal.tv